# राजपुर गाँउपालिकाको
# टोल विकास संस्था गठन तथा संचालन सम्बन्धी
# कार्यविधि, २०७७

राजपुर गाँउपालिका

गाँउ कार्यपालिका को कार्यालय

गंगदी, दाङ

# भूमिका

सामुदायिक प्रयासमा टोलको संस्थागत, सामाजिक तथा आर्थिक विकास, स्थानीयस्तरमा सुशासन प्रवर्द्धन गर्न बजार क्षेत्र,बजार उन्मुख गाउ तथा गाउ बस्तीहरुमा निश्चित भौगोलिक क्षेत्रभित्र रहेका सबै वा केही घरधुरी सदस्य हुने गरी स्थानीय स्तरमा वडा समितिको मातहत तथा सहयोगीको रूपमा रहने गरी गठन गरिने टोल विकास संस्था र सो संस्थाको कामलाई व्यवस्थित गर्न राजपुर गाँउपालीका, कार्यपालीकाबाट मिति २०७७।०५।०९ मा स्वीकृत गरी यो कार्यविधि कार्यान्वयनमा ल्याएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) संक्षिप्त नाम : यो कार्यविधिको नाम **"टोल बिकास संस्था गठन तथा संचालन सम्बन्धी कार्यविधि,२०७७ "** हुनेछ ।

(२) प्रारम्भ : यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा :

(क)'संस्था' भन्नाले यो कार्यविधि बमोजिम गठन भएको राजपुर गाउँपालिका क्षेत्र भित्र को टोल विकास संस्थालाई समभ्फनुपर्छ ।

(ख)'विधान' भन्नाले टोल विकास संस्थाको विधानलाई सम्झनुपर्छ ।

(ग)'साधारणसभा' भन्नाले संस्थाको साधारण सदस्यहरूको भेला सम्झनुपर्छ ।

(घ)' कार्य समिति' भन्नाले टोल विकास संस्थाको कार्यसमिति सम्झनुपर्छ ।

(ङ)'बैठक' भन्नाले संस्थाको संयुक्त वा छुट्टाछुट्टै बैठक सम्झनुपर्छ ।

(च)'पदाधिकारी' भन्नाले कार्यसमितिका अध्यक्ष, कोषाध्यक्ष, सचिव र सदस्यहरूलाई  जनाउँछ ।

३. **उद्देश्य**

**टोल विकास संस्था गठन गर्नुका मुख्य उद्देश्यहरू निम्नानुसार छन् :**

(क) टोल, बस्तीस्तरमा बिभिन्न निकायहरुबाट प्रवाह हुने सेवामा टोलबासीको पहुँच अभिवृद्धि गर्ने,

(ख) टोलबासीहरुमा उद्यमशीलताको विकास गराई टोलस्तरमा लघु उद्यमको सिर्जना, विकास र प्रवर्द्धन गर्ने,

(ग) टोल बस्तीस्तरमा समानता, समताको भावना जागृत गराउने, आपसी सद्भाव, समझदारी, समन्वय र मेलमिलाप कायम गराउने,

(घ) आर्थिक, समाजिक सवालमा सबै टोलबासीहरुलाई निर्णय प्रक्रियामा समान अवसर र अधिकार प्रदान गर्ने,

(ङ) टोलको सामाजिक कार्यमा पारदर्शिता कायम गरी सुशासनलाई बढावा दिने,

(च) बस्ती टोलस्तरमा सबै संस्थाहरूको प्रवेशद्वारको रूपमा टोल विकास संस्थालाई विकास गर्दै विभिन्न निकायहरुबाट सञ्चालन हुने विकास कार्यमा सहयोग गर्ने,

(छ) टोल विकास संस्थालाई वडाभन्दा तल्लो एकाइको रूपमा विकास गरी सहभागितात्मक योजना तर्जुमा, अनुगमन एवं मूल्याङ्कन प्रक्रियामा सहभागी गराउने,

(ज) टोलका सदस्यहरुमा गरिबीलाई निश्चित आधारमा वर्गीकरण गरी तिनीहरूको अभिलेख तयार गर्ने,

(झ) टोलको समग्र विकासका लागि कार्यक्रमहरु तय गर्ने ।

(ञ) वातावरणमैत्री तथा बालमैत्री बस्ती  विकास गर्न आवश्यक सहयोग गर्ने ।

**४. टोल विकास संस्थाको गठन**

(१) टोल विकास कार्य समितिको गठन देहाय बमोजिम हुनेछ :

(क) गाँउपालिकाका बजार तथा बजार क्षेत्र उन्मुख बस्तिहरुमा ८० देखि १०० घर सम्म र गाउँहरुमा बस्तीको अवस्था,भौगोलिक बनावट समुदायको बनावट लगायतको अवस्था हेरी ५० देखि ८० घर सम्मलागि नश्चित भौगोलिक क्षेत्रभित्रका टोल तहमा रहेका घरपरिवारका सदस्यहरूलाई समेटी टोल विकास संस्थाको गठन गरिनेछ ।

तर,

अन्य बस्ती भन्दा टाढा छुट्टै ५० घर भन्दा कम २० घर सम्म घर धुरी भएको बस्तीमा पनि टोल विकास संस्था गठन गर्न सकिनेछ । सो भन्दा कमको हकमा भने अन्य नजिकको बस्तीमा समावेश गरी टोल विकास संस्था गठन गर्नुपर्नेछ ।

**५. टोल विकास संस्थाको साधारण सभाको गठन प्रक्रिया :**

(१) टोल विकास संस्थाको सर्वोच्च अंगको रुपमा एक साधारण सभाको रहनेछ । साधारण सभाको गठन प्रक्रिया देहाय बमोजिम हुनेछ :

(क) संस्थाको कार्यक्षेत्र भित्रका सम्पूर्ण घरधुरीहरुको एक जना मूली सदस्य रहेको एक साधारण-सभा हुनेछ ।

(ख) साधारण-सभाको अध्यक्षता संस्थाको अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा संस्थाको जेष्ठ सदस्यले गर्नेछ ।

(ग) साधाण-सभा संस्थाको सर्वोच्च निकाय हुनेछ ।

**६. साधारण सभाको काम, कर्तव्य र अधिकार** :

(१) साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) संस्थाको साधारण सभाको सल्लाह प्राप्त गर्न उचित देखि पेश भएका विषयमा सल्लाह दिने ।

(ख) लेखापरीक्षक नियुक्ति गर्ने ।

(ग) संस्थाको लेखापरीक्षकको प्रतिवेदन पारित गर्ने ।

(घ) कार्य समितिलाई अधिकार प्रत्यायोजना गर्ने ।

(ङ) कार्य समिति सम्बन्धमा भएका उजुरी पुनरावेदन सुन्ने र निर्णय दिने ।

(च) संस्थाको विधान संशोधन गर्ने ।

(छ) आवश्यकताअनुसार सल्लाहको मनोनयन गर्ने ।

(ज) संस्थाको वार्षिक कार्ययोजना स्वीकृत गर्ने ।

**७. साधारण सदस्यता**

(१) संस्थामा सदस्यता देहाय बमोजिम हुनेछ :

(क) यस विधानको मर्म/उद्देश्य बमोजिम संस्थाप्रति श्रद्धा र निष्ठा राखी विधानलाई स्वीकर गर्ने स्थानीय टोलबासी यस संस्थाको सदस्य हुनेछ ।

(ख) सदस्य बन्न इच्छुक नयाँ टोलबासीलाई संस्थाले तोकेबमोजिम संस्थामा दरखास्त दिएमा सदस्यता प्रदान गरिनेछ ।

**८. साधारण सदस्यता नरहने**

(१) देहायको अवस्थामा सदस्य रहने छैन :

(क) सदस्यको मृत्यु भएमा ।

(ख) सदस्यले दिएको सदस्यता परित्यागको लिखित निवेदन संस्थाले स्वीकृत गरेमा ।

तर संस्थाको निर्णयउपर चित्त नबुझेमा साधारणसभामा पेश गर्ने र साधारणसभाको निर्णय अन्तिम हुनेछ ।

(ग) सदस्यता शुल्क नतिरेको वा संस्थाको निर्णय पालन नगेमा संस्थाले निर्णय गरी सम्पूर्ण सदस्यलाई जानकारी गराएमा।

(घ) संस्थालाई हानि-नोक्सानी हुने कार्य गरेमा वा नैतिक पतन, आर्थिक अनियमितता वा भ्रष्टाचार गरेको अभियोग प्रमाणित भई सजाय पाएको कारण देखाई संस्थाले सदस्यताबाट हटाउने निर्णय गरेमा ।

तर सम्बन्धित सदस्यहलाई सफाइ दिने अवसरबाटबञ्चित गरिनेछैन । यससम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार साधारणसभाको हुनेछ ।

(ङ) नेपालको प्रचलित कानुनको निषेध गरेको कार्य गरेमा ।

**९. टोल विकास संस्थाको काम,कर्तव्यहरु**

(१) टोल विकास संस्थाले आफ्नो टोल क्षेत्रको समग्र विकास र सदस्यहरूको हितका लागि देहायका कार्यहरू गर्नेछ :

(क) टोलमा धनी, गरिबको भावना हटाई सबै सदस्यहरूलाई निर्णय प्रक्रिया र स्रोतमा समान अधिकार प्रदान गर्ने,

(ख) बिभिन्न सरकारी एवं गैर सरकारी निकायहरुसँग सुमधुर सम्बन्ध स्थापित गरी टोलको विकासको लागि सहजीकरण गर्ने,

(ग) टोलमा उद्यम विकाससँग सम्बन्धित योजनाहरू संचालन गर्न आवश्यक सहजीकरण गर्ने,

(घ) टोलमा सडक ढल लगायतका पूर्वाधारमा गाउपालीकाको सहमतिमा संस्थाको निर्णयानुसार सेवा शुल्क लिने,

(ङ) टोलको विकासका लागि बिभिन्न स्रोतबाट प्राप्त स्रोतको उच्चतम् सदुपयोग गर्ने,

(च) टोलको सामूहिक समस्या पहिचान गरी प्राथमिकताको आधारमा टोल विकास योजना तर्जुमा गर्ने,

(छ) एच.आइ.भी./एड्स, अन्धविश्वास, महिला हिसां, बाल विवाह, बहु विवाह जस्ता सामाजिक समस्याकाको पहिचान गरी सुधारका कार्यक्रमहरु संचालन गर्ने ।

(ज) टोलको आर्थिक तथा सामाजिक तथ्याङ्क अद्यावधि गर्न सूचना अभिलेख राख्ने,

(झ) सहभागितात्मक योजना तर्जुमा गर्दा प्राथमिकताको आधारमा आयोजनाहरूको पहिचान गरी वडामा सिफारिस गर्ने,

(ञ) टोलमा विभिन्न सरकारी तथा गैर सरकारी निकायहरुबाट प्राप्त योजनाहरूको अनुगमन गरी पृष्ठपोषण प्रदान गर्ने, र टोलमा बिभिन्न सरकारी तथा गैरसकरारी संस्था मार्फत प्राप्त हुने कार्यक्रमहरु टोल विकास संस्था मार्फत संचालन हुने वातावरण सिर्जना गर्ने,

(ट) आफ्नो वडा तथा टोललाई वातावरणमैत्री तथा वालमैत्री बनाउने तथा विभिन्न गाउँपालिकाले संचालन गरेका विभिन्न अभियानहरुमा र कार्यक्रमहरुमा सक्रिय सहभागी भई कार्यक्रम सञ्चालन गर्ने,

(ठ)टोलमा भवन निर्माण मापदण्ड, सामाजिक सुरक्षा भत्ता आदी सामाजिक सरोकारका बिषयमा चेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।

(ड)टोलमा रहेका सार्वजनिक, पर्ति, ऐलानी आदी जग्गाको संरक्षणमा गाउपालिकालाई सहयोग गर्ने ।

(ढ) गाँउपालिकाको राजस्व परिचालनका लागि सहयोग प्रदान गर्ने ।

(ण) संस्थामा प्राप्त रकमको संस्थाको नीति बमोजिम रकम खर्च गर्ने, लेखा राख्ने र लेखापरीक्षण गराउने,

(त) गाँउपालिकासँग भएको समझदारी अनुसारका अन्य कार्यहरु ।

**१०. टोल विकास संस्थाको कार्य समितिको बैठक बस्ने प्रक्रिया :**

(१)टोल विकास संस्थाका सदस्यहरूको हित, सहयोग एवं समन्वयका लागि टोल विकास संस्थाको कार्य समितिको बैठक महिनामा कम्तिमा १ पटकमा नघट्ने गरी बस्नेछ ।

(२) समितिको बैठकमा सामाजिक परिचालक, वडा अध्यक्ष र गाँउपालिकाका प्रतिनिधिहरू लगायत अन्य सरोकारवालाहरुलाई आमन्त्रित गर्न सकिनेछ ।

(३ )सचिवले संस्थाको बैठकको निर्णयहरू बैठक पुस्तिकामा लेखी प्रमाणित गराउनु पर्नेछ ।

(४) ५० प्रतिशत सदस्यहरु उपस्थित नभाई कार्यसमितिको गणपुरक संख्या पुरा हुनेछैन ।

**११. आर्थिक व्यवस्थापन**

(१) संस्थाको आम्दानी, खर्च, नाफा, लेखा, लेखा परीक्षण लगायत आर्थिक व्यवस्थापन देहाय बमोजिम हुनेछ :

**(क) टोल विकास संस्थाको आम्दानी**

(१) विभिन्न सरकारी तथा गैर सरकारी निकायहरु, बिभिन्न सामुदायिक संस्था तथा व्यक्तिहरूबाट प्राप्त हुने सहायता र अनुदान ।

(२) टोल विकास संस्थाले आयमूलक कार्यहरु सञ्चालन गरी प्राप्त हुने आम्दानी ।

(३) संस्थाको विकास निर्माणका लागि टोल विकास कोषको रूपमा टोल विकास संस्थाको आम्दानीको निश्चित प्रतिशत संस्थाको निर्णयानुसार छुटयाउने रकम ।

(४) संस्थाले अन्य सोतबाट जम्मा गरेको रकम ।

**(ख) खर्च सम्बन्धी व्यवस्था :**

१) संस्थाको विकास निर्माणका लागि टोल विकास कोषको रकम संस्थाको निर्णयानुसार खर्च हुनेछ।

२) संस्था संचालन, व्यवस्थापन र लेखापरीक्षणका लागि गर्नुपर्ने खर्चहरू टोल विकास संथाको नीति बमोजम खर्च हुनेछ।

**(ग) नाफा सम्बन्धी व्यवस्थापन :**

१) टोल विकास संस्थाले आर्जन गरेको आम्दानीबाट खर्च कटाई बाँकी रहेको रकम संस्थाको नाफा मानिनेछ।

२) नाफा संस्थाको निर्णयअनुसार टोलको विकासका लागि खर्च गरिनेछ।

**(घ) लेखा व्यवस्थापन :**

(१) वडा कार्यालयको सिफारिसमा अध्यक्ष,सचिव र काषाध्यक्षको संयुक्त दस्तखतबाट स्थानीय बैंकमा संस्थाको खाता संचालन हुनेछ।

(२) कोषाध्यक्षले सबै प्रकारको नगदी तथा जिन्सी आम्दानी, सम्पूर्ण विकास खर्चको विवरण, संस्थाको संचालन र व्यवस्थानमा भएको प्रशासनीक खर्चहरूको स्पष्ट लेखा राख्नुपर्दछ।

(३) कोषाध्यक्षले राखेको आम्दानी खर्चको हिसाब टोल विकास संस्थाको बैठकमा पेश गर्नुपर्दछ।

**ङ) लेखापरीक्षण**

(१) संस्थाले नियुक्त गरेको लेखापरीक्षकबाट लेखापरीक्षण गराउनुपर्नेछ।

(२) आवश्यकताअनुसार गाउपालिकाले पनि संस्थाको आम्दानी खर्चको लेखापरीक्षण गर्न सक्नेछ।

(३) संस्थाले आफ्नो वार्षिक लेखापरिक्षणको प्रतिवेदन राजपुर गाँउपालिकामा समेत पेश गर्नुपर्नेछ

**१२. टोल विकास संस्थाको दर्ता/सूचिकरण :**

(१) टोल विकास संस्थाको बैठकमा सर्वसम्मत निर्णय गराई वडाको शिफारिसमा राजपुर गाँउपालिकामा दर्ता/सूचीकृत गर्नु पर्ने छ। टोल विकास संस्थालाई गाउपालीकामा दर्ता/सूचिकृत गर्दा पेश गर्ने निवेदनको नमुना **अनुसूची-२** मा उल्लेख गरिएको छ। टोल विकास संस्थाबाट निर्णय गरी दर्ताका लागि निवेदन पेश गरेमा राजपुर गाँउपालिकाले **अनुसूची-३** बमोजिमको टोल विकास संस्था दर्ता प्रमाण-पत्र प्रदान गर्नुपर्नेछ।

(२)टोल विकास संस्थाले यस कार्यविधि बमोजिमका उद्देश्य विपरीत कुनै काम गरेमा वा प्रचलित कानूनले गर्न नपाउने कार्य गरेमा गाउपालिकाले टोल विकास संस्थाको दर्ता खारेज गर्न सक्नेछ। दर्ता खारेज भएपछि सो स्थानमा नयाँ टोल विकास संस्था गठन हुनेछ।

**१३. विविध**

(१) यो कार्यविधि प्रचलित नेपालको ऐन, नियमहरूसँग बाझिएमा बाझिएका बुँदाहरू बाझिएको हदसम्म स्वतः खारेज हुनेछन्।

(२) सस्थाको लोगो र छाप हुनेछ र उक्त लोगो र छाप संस्थाको विधान अनुसार तय भए बमोजिम हुनेछ।

(३) यो कार्यविधि कार्यान्वियनको क्रममा कुनै बाधा अड्चन आएमा कार्यपालकाको निर्णयानुसार फुकाइनेछ।

समाप्त !

अनुसूची-१

(दफा.... को उपदफा .... संग सम्बन्धित)

# राजपुर गाँउपालिका
# टोल विकास संस्थाको नमूना विधान

## प्रस्तावना :

स्थानीय रूपमा उपलव्ध श्रम, सीप र साधन तथा अवसरहरूलाई अधिकतम परिचालन गर्दै गाउको सामाजिक तथा आर्थिक व्यवस्थालाई एकअर्काको परिपूरकको रूपमा विकसित गरी गरिबी न्यूनीकरणका प्रयासमा ठोस योगदान पुऱ्याउने, सहभागितात्मक योजना तर्जुमा,अनुगमन मूल्याङ्कन गर्ने तथा आफ्नो टोलको समग्र विकासमा सहभागि हुने वातावरण सिर्जना गर्न टोल विकास संस्था स्थापना गरी संचालन गर्न वान्छनीय भएकोले यो विधान बनाइएको छ ।

**१. प्रारम्भिक :**

संक्षिप्त नाम र प्रारम्भ

(१) यो संस्थाको नाम .................................... हुनेछ ।

(२) यो विधान ...................... टोल विकास संस्थाको साधारण सभाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषा :**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा :

(क)'संस्था' भन्नाले ......................... टोल विकास संस्थालाई समभनुपर्छ ।

(ख)'विधान' भन्नाले टोल विकास संस्थाको विधानलाई सम्भनुपर्छ ।

(ग)'साधारणसभा' भन्नाले संस्थाको साधारण सदस्यहरूको भेला सम्भनुपर्छ ।

(घ)'समिति' भन्नाले टोल विकास संस्थाको कार्यसमिति सम्भनुपर्छ ।

(ङ)'बैठक' भन्नाले संस्थाको संयुक्त वा छुट्टाछुट्टै बैठक सम्भनुपर्छ ।

(च)'पदाधिकारी' भन्नाले कार्यसमितिका अध्यक्ष, कोषाध्यक्ष, सचिव र सदस्यहरूलाई  जनाउँछ ।

**३.** सिमाना र कार्यालय :

(१) सिमाना :

पूर्व ........................... पश्चिम .............................

उत्तर ......................... दक्षिण ...............................

(२) संस्थाको कार्याय :

संस्थाको कार्यालय साधारण सभाबाट निर्धारण भए अनुसार रहने

तर,

साधारण सभा बस्नु भन्दा पहिला कार्यसमितीबाट तोके अनुसार रहनेछ ।

४. **संगठित संस्था हुने :**

(क) संस्थाको आफ्नो छुट्टै छाप र लोगो हुनेछ । साथै संस्थाले व्यक्ति सरह आफ्नो नामबाट कार्य गर्न सक्नेछ ।

(ख) संस्थाले चल-अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न सक्नेछ । तर संस्थाले आफ्नो अचल सम्पत्ति बिक्रि गर्न भने पाउने छैन । संस्था विगठन भए सो संस्थाको सम्पूर्ण चल अचल सम्पत्ति गाउपालीकामा हस्तान्तरण हुनेछ ।

(ग) संस्थाको छाप र लोगो साधारण सभाले स्वीकृत गरे पश्चात लागु हुनेछ ।

५. **टोल विकास संस्था गठन**

(१) टोल विकास कार्य समितिको गठन देहाय बमोजिम हुनेछ :

(क) गाँउपालिकाका बजार तथा बजार क्षेत्र उन्मुख बस्तिहरुमा ८० देखि १०० घर सम्म र गाउँहरुमा बस्तीको अवस्था,भौगोलिक बनावट समुदायको बनावट लगायतको अवस्था हेरी ५० देखि ८० घर सम्मलागि नश्चित भौगोलिक क्षेत्रभित्रका टोल तहमा रहेका घरपरिवारका सदस्यहरूलाई समेटी टोल विकास संस्थाको गठन गरिनेछ ।

तर,

अन्य बस्ती भन्दा टाढा छुट्टै ५० घर भन्दा कम २० घर सम्म घर धुरी भएको बस्तीमा पनि टोल विकास संस्था गठन गर्न सकिनेछ । सो भन्दा कमको हकमा भने अन्य नजिकको बस्तीमा समावेश गरी टोल विकास संस्था गठन गर्नुपर्नेछ ।

६. **संस्थाका कार्यहरू :**

(क) टोल विकास संस्थाका कार्यहरु देहाय बमोजिम हुनेछन् :

(क) प्रत्येक टोल स्तरमा हुने विकास निर्माणका योजना तर्जुमा सहमभागिता जनाउने, योजना कार्यान्वयन सहजीकरण तथा अनुगमन मूल्याङ्कमा सक्रिय सहभागिता जनाई गाउँपालिका लाई पृष्ठपोषण दिने ।

(ख)आफ्नो टोलमा आवश्यक योजनाहरुको लाग लागी वडा कार्यालयमा माग गर्ने ।

(ग)संस्थाका सदस्यहरूलाई उद्यमशीलतातर्फ अग्रसर गराउन आवश्यक पहल गर्ने तथा सोहि बमोजिमका कार्यक्रमहरु संचालन गर्ने ।

(घ)टोलमा आइपरेका समस्याहरू समाधान गर्न एकअर्कामा भाइचारा सम्बन्ध कायम गरी सभ्य समाजको सिर्जना गर्ने ।

(ङ)उपलब्ध स्रोतको समुचित परिचालन गर्दै टोलको समग्र विकासका लागि टोल विकास योजना बनाउने ।

(छ) एच.आइ.भी.⁄एड्स, अशिक्षा, अन्धविश्वास, महिला हिसां, बाल विवाह, बहु विवाह, जस्ता सामाजिक समस्याका बारेमा सम्पूर्ण टोल विकास संस्थाका सदस्यहरूलाई चेतना अभिवृद्धि गर्ने ।

(ज) आफ्नो टोल तथा सार्वजनिक स्थलमा बृक्षारोपण गर्ने,

(ञ) आफ्नो वडा तथा टोललाई वातावरणमैत्री तथा वालमैत्री बनाउने विविध कार्यक्रमहरु सञ्चालन गर्ने ।

(ट) टोलमा बसोवास गर्ने बासिन्दाका बीचमा भवन निर्माण मापदण्ड, सामाजिक सुरक्षा भत्ता लगायतका सामाजिक सरोकारका बिषयहरुमा विभिन्न चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

(ठ) वातावरणमैत्री स्थानीय शासनका सूचकहरुको टोलमा कार्यान्वयन गर्ने र गाउपालीकालाई सो सूचक कार्यान्वयन गर्न सहयोग गर्ने ।

(ड) आफ्नो टोल वस्तीलाई नमुना वस्तीको रुपमा विकास गर्न सहयोग गर्ने ।

(ढ) हरित गाउँ, उज्यालो गाउ, सफा गाउ र सम्पन्न तथा सभ्य गाउँ स्थापना जस्ता विभिन्न अभियानमा सक्रिय सहयोग गर्ने ।

(ण) आफ्नो क्षेत्रमा भवन संहिता तथा मापदण्डको कार्यान्वयनमा सहयोग गर्ने ।

(त) पूर्ण साक्षर, पूर्ण खोप, पूर्ण घटना दर्ता आदी अभियानमा सहयोग गर्ने ।

(थ) टोलमा रहेका सार्वजनिक, पर्ति, एलानी आदी जग्गाको संरक्षणमा गाउपालीका लाई सहयोग गर्ने ।

(द) संस्थाको अध्यक्ष, कोषाध्यक्ष तथा सचिवको चयन सर्वसम्मतिमा वा सो नभएमा बहुमतमा गर्ने

(ध) गाँउपालीकाको राजस्व परिचालनमा सहयोग गर्ने ।

(न) गाँउपालीका संग भएको समभ्रदारी अनुसारका अन्य कार्यहरु ।

**७. टोल विकास संस्थाको साधारण सभा र कार्य प्रणाली**

(१) साधारण सभाको गठन र कार्य प्रणाली देहाय बमोजिम हुनेछ :

(क) संस्थाको कार्यक्षेत्र भित्रका सम्पूर्ण घरधुरीहरुको एक जना मूली सदस्य रहेको एक साधारण-सभा हुनेछ ।

(ख) साधारण-सभाको अध्यक्षता संस्थाको अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा संस्थाको जेष्ठ सदस्यले गर्नेछ ।

(ग) साधाण-सभा संस्थाको सर्वोच्च निकाय हुनेछ ।

**८. साधारण सभाको काम, कर्तव्य र अधिकार** :

(१) साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) संस्थाको साधारण सभाको सल्लाह प्राप्त गर्न उचित देखि पेश भएका विषयमा सल्लाह दिने ।

(ख) लेखापरीक्षक नियुक्ति गर्ने ।

(ग) संस्थाको लेखापरीक्षकको प्रतिवेदन पारित गर्ने ।

(घ) कार्य समितिलाई अधिकार प्रत्यायोजना गर्ने ।

(ङ) कार्य समिति सम्बन्धमा भएका उजुरी पुनरावेदन सुन्ने र निर्णय दिने ।

(च) संस्थाको विधान संशोधन गर्ने ।

(छ) आवश्यकताअनुसार सल्लाहको मनोनयन गर्ने ।

(ज) संस्थाको वार्षिक कार्ययोजना स्वीकृत गर्ने ।

**९. साधारण सदस्यता**

(१) संस्थामा सदस्यता देहाय बमोजिम हुनेछ :

(क) यस विधानको मर्म/उद्देश्य बमोजिम संस्थाप्रति श्रद्धा र निष्ठा राखी विधानलाई स्वीकर गर्ने स्थानीय टोलबासी यस संस्थाको सदस्य हुनेछ ।

(ख) सदस्य बन्न इच्छुक नयाँ टोलबासीलाई संस्थाले तोकेबमोजिम संस्थामा दरखास्त दिएमा सदस्यता प्रदान गरिनेछ ।

**१०. साधारण सदस्यता नरहने**

(१) देहायको अवस्थामा सदस्य रहने छैन :

(क) सदस्यको मृत्यु भएमा ।

(ख) सदस्यले दिएको सदस्यता परित्यागको लिखित निवेदन संस्थाले स्वीकृत गरेमा ।

तर संस्थाको निर्णयउपर चित्त नबुझेमा साधारणसभामा पेश गर्ने र साधारणसभाको निर्णय अन्तिम हुनेछ ।

(ग) सदस्यता शुल्क नतिरेको वा संस्थाको निर्णय पालन नगेमा संस्थाले निर्णय गरी सम्पूर्ण सदस्यलाई जानकारी गराएमा ।

(घ) संस्थालाई हानि-नोक्सानी हुने कार्य गरेमा वा नैतिक पतन, आर्थिक अनियमितता वा भ्रष्टाचार गरेको अभियोग प्रमाणित भई सजाय पाएको कारण देखाई संस्थाले सदस्यताबाट हटाउने निर्णय गरेमा । तर सम्बन्धित सदस्यहलाई सफाइ दिने अवसरबाटबञ्चित गरिनेछैन । यससम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार साधारणसभाको हुनेछ ।

(ङ) नेपालको प्रचलित कानुनको निषेध गरेको कार्य गरेमा ।

**११. संस्थाको कार्यसमिति गठन एवं कार्य संचालन विधि**

**(१) टोल विकास संस्थाको कार्य समिति गठन तथा संचालन सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछन् :**

(क) पहिलो पटकका लागि टोल विकास संस्थाको व्यापक भेलाबाट अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव र आवश्यकता अनुसारका सदस्यहरु रहेको एक टोल विकास कार्य समिति गठन हुनेछ । दोस्रो पटकको हकमा यस्तो कार्य समिति साधारण सभाको सर्वसम्मत वा सो नभएमा बहुमतबाट पूर्नगठन हुनेछ ।

(ग) टोल विकास कार्य समतिको अवधि २ वर्षको हुनेछ । एकपटक अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष र सचिव भएको व्यक्ति पुनः सोही पदमा लगतै दुई वर्षको अवधि व्यतित नभई नियुक्त हुने छैन ।

(घ) टोल विकास संस्थाको कार्यसमिति गठन गर्दा सकेसम्म टोलका सम्पूर्ण घरधुरीलाई समेट्नुपर्दछ । यदि सो सम्भव नभए कम्तीमा ८० प्रतिशत घरधुरी सहभागी गराई टोल विकास संस्था गठन गरिनेछ ।

(ङ) टोल विकास संस्थाको कार्यसमिती ७ देखि ११ जना सम्मको हुनेछ ।

(ग) संस्थामा कम्तिमा ५० प्रतिशत महिला सदस्य रहनेछन् । अध्यक्ष, कोषाधक्ष र सचिव मध्ये कम्तिमा १ जना महिला हुनेछ ।

## १२. कार्य समितिका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार

संस्थाका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :

**(क) संस्थाको अध्यक्षको काम, कर्तव्य र अधिकार :**

१) संस्थाको नियमित बैठक बोलाउने ।

२) बैठकको अध्यक्षता गरी बैठक संचालन गर्ने ।

३) बैठकमा अनुशासनको पालन गर्न लगाउने र छलफलका विषयहरू टिपोट गर्ने वा गर्न लगाउने

४) छलफल हुँदा सबैको विचार संकलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने ।

५) निर्णयहरू लागु गर्ने र गर्न लगाउने ।

६) सचिव र कोषाध्यक्षलाई आवश्यकताअनुसार सहयोग पुऱ्याउने ।

७) संस्थाले आर्जन/प्राप्त गरेको नगद वा जिन्सी सामानको सुरक्षाको प्रबन्ध मिलाउने ।

८) आवश्यक कार्यमा संस्थाको प्रतिनिधिहरू गर्ने वा गराउने ।

९) विशेष बैठकको आवश्यकता परेमा सबै सदस्यहको सहमतिमा बैठक बोलाउने ।

**(ख) संस्थाको उपाध्यक्ष को काम, कर्तव्य र अधिकार :**

(१) अध्यक्ष नभएको वा अध्यक्षको पद रिक्त रहेको अवस्थामा अध्यक्षको कार्यवाहक लिने ।

**(ग) संस्थाको सचिवको काम, कर्तव्य र अधिकार :**

१) अध्यक्षको आदेश अनुसार बैठक बोलाउने ।

२) अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने ।

३) एकतिहाइ सदस्यहरूले विशेष बैठकका लागि लिखित माग गरेमा विशेष बैठक बोलाउने ।

४) बैठक पुस्तिकामा उपस्थित गराउने ।

५) छलफलका प्रस्तावहरू संकलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय प्रमाणित गराउने

६) संस्थाका क्रियाकलापका बारेमा सदस्यलाई जानकारी गराउने ।

७) तोकिएका अन्य कार्यहरु गर्ने ।

**(घ) संस्थाका कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :**

१) संस्थाले गरेको आर्थिक कारोबारको लेखापरीक्षण गराउने ।

२) बैंकमा संयुक्त रूपमा खाता संचालन गर्ने ।

३) अन्य सदस्यहरूसँग समनवय राखी सहयोग लिने दिने ।

४) संस्थाको नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षा गर्ने ।

**(ङ) संस्थाका सदस्यहरूको काम, कर्तव्य र अधिकार :**

१) गाउपालीका सँग भएको साझेदारीपत्रमा उल्लेखित सर्तअनुसार गर्नुपर्ने कामहरू गर्ने ।

२) संस्थाको हिसाबकिताब चेक गर्ने ।

३) संस्थाका पदाधिकारीहरूले गरेका कामको मूल्याङ्कन नियमित रूपमा गर्ने ।

४) संस्था संचालनका लागि आवश्यकताअनुसार नीति बनाउन सहयोग गर्ने ।

५) बैठकमा उपस्थित भई प्रत्येक छलफलमा भाग लिने ।

**१३. आर्थिक व्यवस्था**

(१)संस्थाको देहायबमोजिम आर्थिक स्रोत हुनेछ :

(क)सदस्यताबाट प्राप्त शुल्क ।

(ख)सरकारी तथा गैरसरकारी संस्थाबाट प्राप्त हुने अनुदान ।

(ग)संस्थाको क्रियाकलापको सिलसिलामा प्राप्त हुने आय वा पुरस्कार ।

(घ)अन्य आम्दानी ।

(२) प्रत्येक असार मसान्तमा लेखा तयार गरी परीक्षणपश्चात् विवरण साधारणसभामा प्रस्तुत गर्ने जिम्मेवारी कार्य समितीको हुनेछ ।

(३) संस्थाको नाममा प्राप्त वा खरीद चल-अचल सम्पत्तिको परिचालन र प्रयोग तोकिएबमोजिम हुनेछ ।

**१४. कार्यसमिति तथा पदाधिकारीको राजीनामा**

(क) समितिका सदस्यहरुले सदस्यहरूले आफ्नो पदबाट राजीनामा दिन चाहेमा अध्यक्ष समक्ष दिन सक्नेछन् ।

(ख) अध्यक्षले आफ्नो राजीनामा सचिव मार्फत संस्थाको बैठकमा पेश गर्नुपर्नेछ र सोउपर संस्थाले निर्णय गरे बमोजम हुनेछ ।

**१५. कार्य समितिको सदस्यता कायम नहरने :**

(क) पदबाट राजीनामा दिएमा

(ख) मृत्यु भएमा

(ग) भ्रष्टाचार वा अनियमितताको आरोप लागि कार्य समितीबाट पदमुक्त गरेमा ,

**१६. कार्य समितिलाई आविश्वासको प्रस्ताव**

कार्य समितिका अध्यक्ष एवं पदाधिकारीहरूउपर अविश्वास लागे यथोचित कारण देखाई संस्थाका ६०% सदस्यहरूले विशेष साधाणसभा राखी अविश्वासको प्रस्ताव पेश गर्न सक्नेछ । अविश्वासको प्रस्ताव उपर छलफल गरी दुईतिहाइ बहुमतले निर्णय गरेमा पदमुक्त हुनेछन् ।

**१७. विविध**

(क) विधान संशोधन गर्नुपर्ने भएमा कार्य समितिले स्वीकृत गरेपछि साधारणसभामा पेश गरिनेछ । साधारण सभामा उपस्थित सदस्यहरूको दुईतिहाइ बहुमतले विधान संशोधन हुनेछ ।

(ख) प्रचलित ऐन, नियमहरूसँग बाझिएका बुँदाहरू हदसम्म स्वतः खारेज हुनेछ ।

अनुसूची-२

(दफा ..... को उपदफा .... संग सम्बन्धित)

# टोल विकास संस्थालाई गाँउपालिकामा दर्ता गर्ने निवेदनको नमुना

मिति :...................

**श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,**

**राजपुर गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**गंगदी, दाङ्ग ।**

**विषय : टोल विकास संस्था दर्ता गर्ने सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा यस गाउँपालिकाद्वारा संचालित वडा नं............ को ...................... टोलमा गठन गरिएको ......................................... टोल विकास संस्थालाई ........................ गाउँपालिका कार्यालयमा दर्ता/सूचिकृत गरिदिनुहुन वडा कार्यालयको सिफारिस सहित अनुरोध गर्दछु । यस ........................ टोल विकास संस्थाको क्षेत्र निम्न उल्लेखित चार किस्ताभित्र सीमित रहनेछ ।

पूर्व सिमाना :..................................

पश्चिम सिमाना :.............................

उत्तर सिमाना :................................

दक्षिण सिमाना :..............................

**अध्यक्षको नाम :**

टोल विकास संस्थाको नाम :

ठेगाना :

अनुसूचि – ३

(दफा ....... को उपदफा .... संग सम्बन्धित)

राजपुर गाउँ कार्यपालिकाको कार्यालय

गंगदी,दाङ

# दर्ता/सूचिकरणको प्रमाण-पत्र

राजपुर गाउँपालिका वडा नं.............. स्थित .................... मा गठन भएको ........................... टोल विकास संस्थालाई वडा कार्यालयको सिफारिस अनुसार यस कार्यालयमा मिति ............... मा दर्ता गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ।

गाउँपालिकाको आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, गाउँ सुशासन लगायतका क्षेत्रमा यस टोल विकास संस्थाको सक्रिय सहभागिताको अपेक्षा गर्दै उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं ।

**शाखा /इकाई प्रमुख** **प्रमुख प्रशासकीय अधिकृत**